नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

बबरमहल, काठमाडौं

फोन नं: ०१-५३६२३६९
इमेल: info@dftqc.gov.np
वेबः www.dftqc.gov.np

प. स :२०८२/८३ मिति : २०८३/०७/०१
च.नं. : नेपाल संवत : ११४६

**<u>सूर्या फुड एन्ड एग्रो लिमिटेड, भारतको प्रियागोल्ड बिस्कुट (PRIYAGOLD Biscuits) को पैठारी स्वीकृती, प्रवेश अनुमति, बिक्री वितरणमा रोक तथा उत्पादन फिर्ता (Product Recall) सम्वन्धी सूचना</u>**

वडा दशैं, २०८३ को लामो सार्वजनिक बिदा रहेकोले खाद्य प्रविधि तथा गुण नियंत्रण विभाग (DFTQC) को उच्च व्यवस्थापन समुह (SMT) तथा प्रोडक्ट रिकल प्राविधिक समिति (PRTC) को आज मिति २०८३/०७/०१ गते आइतबार भर्चुअल माध्यमबाट विभागका महानिर्देशक श्री संजिव कुमार कर्णज्यू समेतको उपस्थितिमा आकस्मिक बसेको संयुक्त बैठकको सिफारिसका आधारमा मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि तपसिल बमोजिमको निर्णय गरिएको व्यहोरा कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारवाला निकाय, खाद्य व्यवसायी तथा उपभोक्ताहरुमा जानकारी गराइन्छ।

भारतको उपभोक्ताको उजुरी पश्चात् भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरण (FSSAI) को तारिख २०२६/१०/१७ तदनुसार मिति २०८३/०६/३१ गते जारी सूचना अनुसार भारतको **<u>प्रियागोल्ड बिस्कुट (PRIYAGOLD Biscuits)</u>** का उत्पादक **<u>सूर्या फुड एन्ड एग्रो लिमिटेड, भारत</u>** को निरीक्षण गर्दा **<u>गाईवस्तुको दानाका रूपमा प्रयोग गर्नुपर्ने चोकर (Cattle-Feed Bran)</u>** लाई प्रियागोल्ड बिस्कुट उत्पादनमा **<u>रेसा/फाइबरको स्रोत</u>**का रूपमा प्रयोग गरिएको पाइएको जनाइएको छ। उक्त चोकर राखिएका जुटका बोराहरूको लेबलमा "गाईवस्तुको दानाका लागि" भनी उल्लेख गरिएको र ती बोराहरूमा मानव उपभोगका लागि नभएको स्पष्ट रूपमा उल्लेख गरिएको जनाएको छ। साथै, निरीक्षणका क्रममा कारखानाको सरसफाइ, कीट नियन्त्रण (पेष्ट कन्ट्रोल), कच्चा पदार्थको भण्डारण, कर्मचारीको व्यक्तिगत स्वच्छता तथा कारखाना परिसरको उचित मर्मत सम्भारमा समेत कमजोरीहरू पाइएको र पालन गर्नुपर्ने मापदण्ड पालना नगरी **<u>गम्भीर मापदण्ड उल्लङ्घन</u>**का कारण भारतको खाद्य स्वच्छता नियामक निकाय भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरण (FSSAI) ले सम्बन्धित सो **<u>कम्पनीको इजाजतपत्र निलम्बन</u>** गरि कम्पनी विरुद्ध अभियोजन प्रक्रिया अघि बढाउन स्वीकृति दिएको भनी जाँचबुझबाट बुझ्नमा आएकोले अर्को निर्णय नहुन्जेलसम्मका लागि सो कम्पनी सूर्या फुड एन्ड एग्रो लिमिटेड, भारतमा उत्पादन भएको प्रियागोल्ड बिस्कुट (PRIYAGOLD Biscuits) लगायतका बिस्कुटजन्य अन्य उत्पादन समेतमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अर्को आदेश नभएसम्मका लागि **<u>पैठारी स्वीकृती स्थगित (Suspension) र प्रवेश नाकाबाट प्रवेश अनुमति तथा नेपालमा पैठारी भइ आएको सो बिस्कुटको बिक्री वितरणमा रोक</u>** लगाइएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल,काठमाडौं

फोन नं: ०१-५३६२३६९
इमेलः info@dftqc.gov.np
वेबः www.dftqc.gov.np

साथै, सो प्रियागोल्ड बिस्कुट (PRIYAGOLD Biscuits) का **आधिकारिक पैठारीकर्ता तथा खाद्य व्यवसायी** ले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३८(२) र ३८(४) बमोजिम सो उत्पादन बिक्री वितरण नगर्न/नगराउन हुन र बजारबाट सो **उत्पादन तत्काल फिर्ता (Product Recall)** गरि संचयन तथा अभिलेखिकरण गरि राख्न एवं धुल्याउनु पर्ने अवस्थामा स्थानीय तह वा स्थानीय प्रशासनको प्रतिनिधि र खाद्य प्रविधि तथा गुण नियंत्रण विभाग मातहतको प्राविधिक कर्मचारीको रोहबरमा उपयुक्त तवरले नष्ट गरी विभागलाई सूचित गराउनु हुन आदेश दिने अधिकारीको मिति २०८३/०७/०१ गतेको निर्णय अनुसार सम्बन्धित खाद्य व्यवसायीलाई यो **आदेश** जारी गरिएको छ।

अन्यथा गरी खाद्य स्वच्छता उल्लङ्घन तथा जनस्वास्थ्यमा सम्झौता गर्ने कार्य गरेमा प्रचलित **खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१** अनुसार कारवाही हुने समेत जानकारी गराइन्छ।

**तपसिल:**

**पैठारी स्वीकृती, प्रवेश अनुमति, बिक्री वितरणमा रोक तथा प्रोडक्ट रिकल**

| क्र. सं. | खाद्य पदार्थको नाम | उत्पादकको नाम, ठेगाना | ब्राण्ड | ब्याच नं. | उत्पादन मिति तथा उपभोग्य मिति | कारण |
|---|---|---|---|---|---|---|
| १ | बिस्कुट | सूर्या फुड एन्ड एग्रो लिमिटेड, भारत | प्रियागोल्ड (PRIYAGOLD) | सबै ब्याच | जुनसुकै मिति | FSSAI द्वारा इजाजत पत्र निलम्बन तथा गम्भीर मापदण्ड उल्लङ्घन |